आज मिति २०७५ साल माघ २५ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको अठतीसौं बोर्ड वैठक वस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम वैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | |
| श्री बम वहादुर वि क. | - | सदस्य | ,, |
| श्री कुन नारायण चौधरी | - | नि.प्र.प्र.अ. | सदस्य-सचिव |

Scanned by CamScanner

**प्रस्तावहरुः-**

१ घरभाडा सम्बन्धमा।

२ सुशासन प्रवर्द्धन समिति गठन गर्ने सम्बन्धमा।

३ सामाजिक सुरक्षा अनुगमन तथा सुपेरीवेक्षण समिति गठन गर्ने सम्बन्धमा।

४ ऐम्बुलेन्स, ट्रेक्टर र जे.सी.वी. खरिद गर्ने सम्बन्धमा।

५ सूचना प्रविधि अधिकृतको सेवा करार सम्बन्धमा।

६ सामुदायिक स्वास्थ्य ईकाइ थापापूर, बर्दियाको लागि स्वास्थ्यकर्मी करार भर्ना गर्ने सम्बन्धमा।

७ महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई यातायात खर्च सम्बन्धमा।

८ परिवार नियोजन शिविरमा खाजा खर्च सम्बन्धमा।

९ कार्यविधि सम्बन्धमा।

१० कार्यक्रमा संशोधन गर्ने सम्बन्धमा।

११ वडामा उपभोक्ता समिति मार्फत संचालन गर्ने योजना सम्बन्धमा।

१२ आधारभुत तह कक्षा ८ को परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा।

१३ सांस्कृतिक संरक्षणको बजेट खर्च गर्ने सम्बन्धमा।

१४ हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा।

१५ बहुउद्देशीय हल सम्बन्धमा।

१६ बस्ती व्यवस्थापन सम्बन्धमा।

१७ बिबिध

(क) क्यान्सर पिडितहरुलाई उपचार खर्च प्रदान गर्ने सम्बन्धमा।

(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

## निर्णयहरु :-

**१ घरभाडा सम्बन्धमा।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको कार्यालय प्रयोजनका लागि हाल रहेका भवनहरु अपुग भएकोले गेरुवा गाउँपालिका वडा नं. ५, पथरैया स्थित वन्धिया थरुनीको नाममा रहेको ४ कोठे भवन कार्यालय प्रयोजनको लागि भाडामा लिने निर्णय गरियो।

**२ सुशासन प्रवर्द्धन समिति गठन गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको रणनीति, योजना र सेवा प्रवाहमा सुधार गरी नागरिक मैत्री प्रशासन संचालन गर्न यस गेरुवा गाउँपालिका सरकारको उत्तरदायित्व प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप देहाय बमोजिम सदस्यहरु रहने गरी तपशिल बमोजिमको सुशासन प्रवर्द्धन समिति गठन गर्ने निर्णय गरियो।

**तपशिल**

श्री जमान सिंह के.सी. संयोजक

Scanned by CamScanner

श्री हिम कुमारी थरुनी सदस्य
श्री
श्री
श्री
श्री
श्री
श्री चन्द्ररुपा कामी
श्री बल बहादुर चलाउने
श्री तेज राज बजगाई
श्री
श्री

३ **सामाजिक सुरक्षा अनुगमन तथा सुपेरीवेक्षण समिति गठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालको संविधानको अनुसुची ५ अनुसार सामाजिक सुरक्षा र गरीबी निवारण संघीय सरकारको एकल अधिकार भित्र र अनुसुची ९ अनुसार तीन वटै तहको साझा अधिकार भित्र समावेश गरीएको र स्थानीय सरकार संचालन ऐन २०७४ ले समेत यस सम्बन्धि स्थानीय सरकारको कार्यक्षेत्र समेत तोके बमोजिम संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरुले निर्देश गरे अनुरुप आर्थिक सामाजिक रुपमा पछाडी परेका वर्ग, क्षेत्र र समुदायका नागरिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न, सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा प्रभावकारिता ल्याउन तथा नियमन गर्न आवश्यक भएकोले गेरुवा गाउँपालिकामा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याकंन तथा सुपेरिवेक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा सुपेरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

क. श्री हिम कुमारी थरुनी -संयोजक
ख. श्री बम वहादुर विक -सदस्य
ग. श्री मोविला शर्मा पौडेल "
घ. श्री भुवनेश्वर पौडेल "
ङ. श्री गोविन्द आचार्य "
च. श्री सन्तोष पौडेल "
छ. श्री रमा पुन मगर - सदस्य सचिव

४ **ऐम्बुलेन्स, ट्रेक्टर र जे.सी.वी. खरिद गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्ने सम्बन्धमा यस गेरुवा गाउंपालिकाको प्रयोजनको लागि आवश्यक रहेका ऐम्बुलेन्स थान-१, ट्रेक्टर-थान २ र जे.सी.वी. थान-१ खरिदका आवश्यक प्रकिया अगाढी बढाउन गेरुवा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

५ **सूचना प्रविधि अधिकृतको सेवा करार सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतले आ.व. ०७४।७५ मा खाई पाई आएको सेवा तथा पारिश्रमिकमा असर नपर्ने गरी आ.व. ०७५।७६ को श्रावण १ गते देखी लागु हुने गरी सेवा करार सम्झौता गर्न, गराउन गेरुवा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

६ **सामुदायिक स्वास्थ्य ईकाइ थापापूर, बर्दियाको लागि स्वास्थ्यकर्मी करार भर्ना गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिका वडा नं. १, थापापूरमा रहेको सामुदायिक स्वास्थ्य ईकाइमा कार्यरत स्वास्थ्यकर्मीलाई करार सेवामा राख्नको लागि स्वास्थ्य सेवा विभाग पुनजागरण महाशाखा बाट बजेट प्राप्त नभएको हुँदा गेरुवा गाउँपालिका बाटै उक्त बजेट विनियोजन गरी स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने भएकोले स्वास्थ्यकर्मी करारमा राख्न र सरसफाई व्यवस्थापनका लागी रु. ५,००,०००।- ( अक्षरेपी पाँच लाख रुपैया मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

७ **महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई यातायात खर्च सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा महिला स्वास्थ्य स्वयंसेविकाहरुले नियमित खोप क्लिनिक, गाउँघर क्लिनिक संचालन, आमा समूह बैठक संचालन र स्वास्थ्य चौकीहरुमा नियमित मासिक वैठक संचालन गरे बापत निजहरुलाई प्रति वैठक रु. ४००।- का दरले ७२ जनाको मिल्दो खर्च शिर्षक बाट यातायात खर्च भुक्तानीका लागी बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

८ **परिवार नियोजन शिविरमा खाजा खर्च सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा स्थायी परिवार नियोजन शिविरमा प्रचार,प्रसार तथा सहयोग गर्ने स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रचार, प्रसार र क्याम्पमा सहयोग गरेवापत दिन ३ को खाजा खर्च दैनिक प्रतिव्यक्ति रु. २००।- का दरले जम्मा हुन आउने रु. ५८,२००।- महिला स्वास्थ्य स्वयंसेवक ७२ जना र स्वास्थ्यकर्मी २५ जना लाई भुक्तान गर्न बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

९ **कार्यविधि सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको विभिन्न कार्यक्रम संचालन गर्न आवश्यक पर्ने देहाय वमोजिमको कार्यविधिहरु संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

<u>**तपशिल**</u>

क. मौसमी तथा बेमौसमी तरकारी खेतीका लागी हाइटेक नर्सरी घर निर्माण संचालन कार्यविधि, २०७५

ख. पशु विकास कार्यक्रम संचालन कार्यविधि २०७५

ग. अपाङ्गता भएका व्यक्तिहरुको लागि परिचय पत्र वितरण कार्यविधि २०७५

घ. जेष्ठ नागरिक परिचय पत्र निर्देशिका २०७५

ङ. गेरुवा गाउँपालिकाको भवन निर्माण आचारसंहिता, २०७५

१० **कार्यक्रममा संशोधन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा गेरुवा गाउँपालिकाका आ.व. ०७५।७६को स्विकृत बिनियोजन वजेट स्थानीय जातको आलु खेती प्रवर्द्धन कार्यक्रम संचालन गर्न २ पटक सम्म सार्वजनिक सूचना

Scanned by CamScanner

आव्हान गर्दा जम्मा २ जना कृषकहरुको मात्र आवेदन आएको र उक्त २ जना कृषकहरुको सूचना बमोजिमको मापदण्ड अनुरसार नरहेकोले फिल्ड अनुगमनका क्रममा देखीएको प्राविधिक प्रतिवेदनका आधारमा उक्त कार्यक्रम सम्पन्न हुन नसक्ने देखीएकोले उक्त कार्यक्रम लाई परिमार्जन गर्न आवश्यक देखीएको हुँदा तपशिल बमोजिमका कार्यक्रममा खर्च गर्ने गरी कार्यक्रम परिमार्जन गरी संचालन गर्ने निर्णय गरियो ।

तपशिल

क. कृषि मेला प्रदर्शनी - रु. १,५०,०००।-

ख. साना सिंचाई कार्यक्रम तर्फ - रु. २,००,०००।-

**११ वडामा उपभोक्ता समिति मार्फत संचालन गर्ने योजनाहरु सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको १ देखी ६ नं वडाहरुका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन आवश्यक प्रकिया अगाडी बढाउन योजनको नाम नामेसी सहित वडा कार्यालयमा पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**१२ आधारभुत तह कक्षा ८ को परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) १४ नं. बमोजिम आधारभुत तह (कक्षा ८) को परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन सम्वन्धि कार्य गर्न गेरुवा गाउँपालिकामा देहाय बमोजिमको एक परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

(क) परीक्षा समिति गठन

१. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

२. सामुदायिक र संस्थागत ( आधारभुत र माध्यामिक) विद्यालयका प्रधानाध्यापकहरुको प्रतिनिधित्व हुने गरी गाउँ कार्यपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सहित ४ जना -सदस्य

३. स्थानीय शिक्षक महासंघ अध्यक्ष/प्रतिनिधि -सदस्य

४. शिक्षा शाखा प्रमुख/प्रतिनिधि -सदस्य-सचिव

(ख) परीक्षा समितिको काम, कर्तव्य र अधिकार

१. कक्षा ८ को प्रश्न पत्र तयार गर्ने

२. परीक्षा केन्द्रहरु निर्धारण गर्ने

३. स्वच्छ, मर्यादित, भयरहित वातावरणमा व्यवस्थित ढंगले कक्षा ८ को परीक्षा संचालन गर्ने ।

४. कक्षा ८ को उत्तर पुस्तीका परीक्षण तथा समपरीक्षण सम्वन्धि कार्य गर्ने, गराउने ।

Scanned by CamScanner

५. कक्षा ८ को परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई लब्धाकंपत्र (मार्कसीट), प्रमाणपत्र वा ग्रेडसीट उपलब्ध गराउने ।

६. परीक्षा सम्वन्धि विभिन्न कार्यमा संलग्न कर्मचारीहरुका लागि पारिश्रमिक तोक्ने ।

७. संस्थागत विद्यालयवाट कक्षा ८ को परीक्षाका लागि लिइने शुल्क तोक्ने ।

८. परीक्षा संचालनको लागि आवश्यक मात्रामा केन्द्राध्यक्षहरु नियुक्ति गर्ने ,

९. कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन सम्वन्धमा अन्य कार्य गर्ने ।

(ग) सामुदायिक र संस्थागत ( आधारभुत र माध्यामिक) विद्यालयका प्रधानाध्यापकहरुको प्रतिनिधित्व हुने गरी गाउँ कार्यपालिकाबाट मनोनित सदस्यहरु देहाय बमोजिम रहेका छन ।

१. श्री सुन्दरलाल चौधरी, जनता मावि, गेरुवा-४, गोला ।

२. श्री कुमार लामिछाने, नेरा गणेश मावि, गेरुवा-६, मनाउँ ।

३. श्री नन्दकला खत्री, पशुपति मावि, गेरुवा-५, पथरैया ।

४. श्री रामनाथ शर्मा, नवज्योति पब्लिक स्कुल, गेरुवा-१, खोल्टीबजार ।

१३ **सांस्कृतिक संरक्षणको बजेट खर्च गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको सांस्कृतिक संरक्षण तर्फको वजेट देहाय बमोजिको शिर्षकहरुमा खर्च गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| क. बर्दिया माघी तथा पर्यटन महोत्सव | - रु. ६०,०००।- |
| ख. राजापूर महोत्सव | - रु. १,००,०००।- |
| ग. खोल्टीबजार | -रु. ७३,०००।- |
| घ. शान्तीबजार | -रु. ७३,०००।- |
| ङ. गोला | -रु. ७३,०००।- |
| च. गोला शिव मन्दिर | -रु. ७३,०००।- |
| ज. शान्तीबजार होली | -रु. ७३,०००।- |
| झ. मनाऊ | -रु. ७३,०००।- |

१४ **हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको आ.व. ०७५।७६ को हिंउदे अधिवेशन मिति २०७५।११।१० गते वस्ने निर्णय गरियो ।

Scanned by CamScanner

१५ **वहुउद्देशीय हल सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा प्रदेश नं ५ सरकार वाट आ.व. ०७५।७६मा यस गेरुवा गाउँपालिकालाई प्राप्त वहु उद्देशीय हल निर्माण कार्यको लागि यस गाउँपालिकाको पायक पर्ने स्थानमा सार्वजनिक जमिन फेला नपरेकोले वहु उद्देशीय हल निर्माणको लागि प्राप्त रकम रु. ६० लाख रकममा अपुग रकम गाउँपालिका वाट समपुरक कोषको रुपमा व्यवस्था गर्ने गरी यस गाउँपालिकाको पायक पर्ने स्थानमा वहु उद्देशीय हल निर्माणको लागि चलनचल्तीको दर रेटमा १० कठ्ठा जमिन खरीद गर्नको लागि सूचना प्रस्ताव आवह्वान गर्न गेरुवा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

१६ **वस्ती व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको लागि वस्ती व्यवस्थापन योजना निर्माण प्रस्ताव तयार गरी पेश गर्न तपशिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

क. वडा अध्यक्ष, श्री धर्म प्रकाश थारु - संयोजक

ख. इन्जीनियर, श्री दिपक चौधरी - सदस्य

ग. लेखापाल, श्री तुल्सीराम श्रेष्ठ - सदस्य

घ. योजना शाखा प्रमुख, श्री प्रेम वहादुर जि.सी. - सदस्य सचिव

**१७. बिबिध**

**(क) क्यान्सर पिडितहरुलाई उपचार खर्च प्रदान गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १७(क) माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा वसोवास गर्ने देहाय वमोजिमका क्यान्सर रोग वाट पिडित हरुलाई गाउँपालिकाको तर्फ वाट देहाय वमोजिमको रकम उपचारका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

श्री समिता कडायत गेरुवा गाउँपालिका वडा नं. ४, खोनपूर रु. १०,०००।-

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

प्रस्ताव नं. १७(ख) माथी छलफल गर्दा आगामी ३९ औं नियमित बोर्ड बैठक मिति २०७५ साल फागुन ७ गतेका दिन दिउसो को २.०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner